चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ चापाकोट २०७५ आषाढ २० गते संख्या : ८

## भाग २

## बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५

**चापाकोट नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड : २** **चापाकोट** **२०७५ आषाढ २० गते** **संख्या : ८**

## भाग २

### बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५

स्वीकृत मिति : २०७५/०३/२०

**प्रस्तावना** : आगलागी नियन्त्रणको लागि आवश्यक यन्त्र, उपकरणको व्यवस्था गरी नगर क्षेत्रमा समेत सेवा प्रदान उद्देश्यवाट यस नगरपालिकामा रहेको बारुणयन्त्र तथा आवश्यक उपकरण र सोको लागि लाग्ने जनशक्तिको व्यवस्थापनमा सुनिश्चित गरी बारुणयन्त्र व्यवस्थापनको लागि नगर स्तरीय समिति गठन गरी संचालनको व्यवस्था भरपर्दो र विश्वसनीय बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ उपदफा २ को (न) बमोजिम चापाकोट नगरपालिकाबाट सम्पादन गर्नु पर्ने जिम्मेवारीलाई प्रभावकारी बनाउन बारुणयन्त्र संचालन तथा व्यवस्थापन निर्देशिका २०७५ तर्जुमा गरि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम चापाकोट नगरपालिकाको "बारुणयन्त्र संचालन तथा व्यवस्थापन निर्देशिका २०७५" रहेको छ। २. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "**ऐन**" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "**स्थानीय कानून**" भन्नाले नगर सभावाट पारित गरेको कानूनलाई सम्झनु पर्दछ ।

(ग) "**नियमावली तथा कार्यविधि**" भन्नाले नगरकार्यपालिका बाट स्वीकृत विपद् व्यवस्थापन कार्यविधि २०७४ र सो संग सम्वन्धीत नियमावलीहरुलाई जनाउछ ।

(घ) "**नगरपालिका**" भन्नाले नेपालको संविधान २०७२ ले व्यवस्था गरे बमोजिम स्थानीय सरकार संचालन ऐनको दफा ८ वमोजिम गठित नगरपालिकालाइ बुझाँउछ ।

(ङ) "**वडा कार्यालय**" भन्नाले नेपालको संविधान २०७२ ले व्यवस्था गरे बमोजिमको स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५ वमोजिमको गठित वडा लाई वुझाउछ ।

(च) बारुण यन्त्र भन्नाले आगलागी नियन्त्रणको लागि प्रयोगमा ल्याईने मेशिनरी उपकरण लाई सम्झनु पर्छ ।

(छ) नगर स्तरीय बारुणयन्त्र संचालन तथा व्यवस्थापन समिति भन्नाले बारुणयन्त्र संचालन, व्यवस्थापन गर्न नगर प्रमुखको संयोजकत्वो मा गठन भएको ११ सदस्य रहेको समितिलाई सम्झनु पर्दछ ।

(ज) अनुदान भन्नाले केन्द्रीय सरकार, प्रदेश सरकार, र वैदेशिक सहयोग, दातृ निकाय अनुदान समेत लाई सम्झनु पर्दछ ।

(झ) गैर सरकारी संस्था भन्नाले स्थानीय स्तरमा रहेर समग्र विकासमा ठोस योगदान पुरयाउन निश्चित लक्ष र उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भई स्थानीय निकायहरुसंग समन्वय राखी कार्य गरीरहेका नाफारहित संघ/सस्था सम्झनु पर्दछ ।

(ञ) कार्यविधि भन्नाले नगरकार्यपालिका बाट स्वीकृत विपद् व्यवस्थापन कार्यविधि २०७४ लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## उद्देश्य, सञ्चालन तथा व्यवस्थापन

३. **निर्देशिकाको उद्देश्य :**

(क) बारुणयन्त्र संचालनको जिम्मेवारी विश्वसनीय र भरपर्दो रुपमा निर्वाह गर्ने ।

(ख) आगलागी नियन्त्रणको लागि यस नगरपालिका क्षेत्र र सम्वन्धित तथा छिमेकी जिल्लाका नगरपालिका र गाउपालिका क्षेत्रमा वारुणयन्त्र उपलब्ध गराउने ।

(ग) बारुण यन्त्र संचालनको लागी जिल्ला प्रशासन कार्यालय सुरक्षा निकाय छिमेकी नगरपालिका उधोग वाणिज्य संघ तथा गैर सरकारी संस्थाहरुको सहयोग सहकार्य तथा लगानी (श्रोत तथा खर्च व्यवस्थापन) सहज तुल्याउने ।

(घ) बारुणयन्त्र संचालनको लागी स्रोत व्यवस्थापन,नियमित मर्मत संभार र सेवा प्रवाह प्रभावकारी बनाउने ।

(ङ) बारुणयन्त्र संचालन तथा व्यवस्थापनमा निजी क्षेत्र तथा समुदायको सहभागिता अभिवृद्धि गर्ने ।

(४) **कार्यक्षेत्र :** यस नगरपालिकाको बारुणयन्त्रको संचालन तथा व्यवस्थापन ,मर्मत संभार र आवश्यक परेको बखतमा आगलागी नियन्त्रण गर्ने कार्यको लागी जुनसुकै समयमा पनि सेवा उपलब्ध गराउने कार्य सम्म

मात्र यस निर्देशिकाको कार्यक्षेत्र हुनेछ ।

**५. बारुणयन्त्र सेवा संचालन तथा व्यवस्थापन :**

(१) नगरपालिकावाट बारुणयन्त्र सेवा देहायमा लेखिए बमोजिम संचालन तथा व्यवस्थापन गरिनेछ ।

(क) नगरपालिकामा रहेका बारुणयन्त्र र अरु थप गर्न पर्ने आवश्यक देखेमा खरिद गरेर पनि संचालन तथा व्यवस्थापन गर्ने ।

(ख) नेपाल केन्द्रिय सरकार र प्रदेश सरकार, दातृ निकाय, वैदेशिक सहयोग, अन्तर्राष्ट्रिय संघ सस्थाहरुबाट सहायता स्वरुप उपलब्ध हुने ।

(ग) वार्षिक वजेट तथा कार्यक्रम समितिको परामर्शमा नगर कार्यपालिकाले बनाउनु पर्नेछ ।

(२) आगोलागी नियन्त्रणको लागी बारुणयन्त्रको व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन देहाय वमोजिमको बारुणयन्त्र सेवा संचालन तथा व्यवस्था समिति गठन भएको छ ।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर कार्यपालिका सदस्यहरुमध्येबाट ३ जना (कार्यपालिकाको निर्णयबाट)- सदस्य

(ग) ईलाका प्रहरी कार्यालय चापाकोटका कार्यालय प्रमुख - सदस्य

(घ) चापाकोट उद्योग बाणीज्य संघ चापाकोट अध्यक्ष - सदस्य

(ङ) नेपाल रेडक्रस सोसाईटी चापाकोट प्रतिनिधि - सदस्य

(च) नेपाल पत्रकार महासंघ चापाकोट नगरका प्रतिनिधि- सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि- सदस्य सचिव

नोट-अन्य आवश्यकता अनुसार आमन्त्रीत सदस्य

६. केन्द्रिय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशनहरुलाई कार्यान्वयन गरिने छ ।

७. जिल्ला प्रशासन कार्यालय वाट प्राप्त निर्देशनलाई कार्यन्वयन गरिने छ।

८. नेपाल सरकार वाट प्राप्त ऐन नियमहरु प्राप्त भएमा सोहि बमोजिम लागु गरिने छ ।

९. **बारुणयन्त्र संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**
बारुणयन्त्र सन्चालन तथा व्यवस्थापन गर्ने शिलशिलामा यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेः-

(क) बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि बार्षिक बजेट तथा कार्यक्रम वनाउन नगरकार्यपालिकामा सिफारिस गर्ने ।

(ख) छिमेकी नगरपालिका तथा गाउँपालिका, गैरसरकारी संस्था, सरकारी निकाय, सरोकारवाला पक्षहरु संग समन्वय गरी श्रोत व्यवस्थापन गर्ने ।

(ग) बारुणयन्त्रको प्रयोग र परिचालनलाई प्रभावकारी बनाउन समय समयमा पूर्व प्राविधिक परीक्षण गराउने

(घ) बारुणयन्त्रको प्रयोग आगलागी नियन्त्रण कार्यको लागि मात्र गर्ने।

(ङ) बारुणयन्त्र संचालनको लागि सुरक्षाको आवश्यकता महशुस भएमा सुरक्षा निकायसंग समन्वय गर्ने ।

(च) स्थानीय आवश्यकता र औचित्यको आधारमा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि सेवा शुल्क निर्धारण गर्न सक्ने छ ।

(छ) बारुणयन्त्र मर्मतसंभार, उपयोग र व्यवस्थापन गर्ने तथा नगर पालिकामा मर्मतको लागि सिफारिस गर्ने

(ज) बारुणयन्त्र संचालन गर्न आवश्यक जनशक्तिको व्यवस्था मिलाउने र आवश्यक पर्ने जनशक्तिको साथै सुरक्षा निकाय सगं समन्वय गर्न पर्ने रहेछ भने गर्ने ।

१०. **सरोकारवाला निकायको भूमिका** : बारुणयन्त्र संचालन तथा व्यवस्थापन

गर्ने शिलशिलामा सरोकारवाला निकायहरुको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुने छ ।

(क) बारुणयन्त्र संचालन तथा व्यवस्थापन गर्न छिमेकी नगरपालिका, गाउँपालिका, गैरसरकारी संस्थाहरुको समन्वयमा आर्थिक सहयोगका लागि आवश्यकता अनुसार समन्वय समिति गठन गर्न सक्ने छ ।

(ख) बारुणयन्त्र संचालन तथा व्यवस्थापन गर्नको लागि सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयवाट समितिको माग वमोजिम आवश्यक सुरक्षा र समन्वयको प्रवन्ध मिलाउनु पर्नेछ ।

११. **कोषको व्यवस्थापन** :

१. नगरपालिकाको विपद व्यवस्थापन विशेष कोष अन्तर्गत बारुणयन्त्र संचालन तथा व्यवस्थापन कोष रहनेछ, जसमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) केन्द्रीय सरकार,प्रदेश सरकार वाट बारुणयन्त्र खरिद, संचालन तथा व्यवस्थापनको लागि उपलब्ध अनुदान रकम ।

(ख) नगरपालिकावाट बारुणयन्त्र संचालन तथा व्यवस्थापनको लागि विनियोजित रकम

(ग) छिमेकी नगरपालिका र गाउँपालिका वाट प्राप्त हुने अनुदान ।

(घ) रेडक्रस संस्था, गैरसरकारी संस्था, उद्योग वाणिज्य संघ, चन्दा दातावाट उपलब्ध हुने अनुदान ।

(ङ) बारुणयन्त्र खरिद, संचालन व्यवस्थापन,गर्न दातृ निकाय गैरसरकारी संस्था तथा सम्वन्धित निकायवाट प्राप्त हुने अनुदान

(२) कोष संचालन गर्न कोषमा भएको आम्दानी,कोषमा भएको यथार्थ खर्च र मौज्दात रकम तथा खाता संचालन र लेखा व्यवस्थापन

नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

(३) कोषबाट बारुणयन्त्र संचालन तथा व्यवस्थापन नियमित मर्मत / संभार बारुणयन्त्र सेवा तर्फ कार्यरत कर्मचारीको तलव भत्ता तथा अन्य सुविधा र आगलागी नियन्त्रणका लागि आवश्यक अन्य सामाग्रीहरु खरीद तथा मर्मत संभारमा मात्र खर्च गर्न सकिनेछ ।

(४) आर्थिक बर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेको मौज्दात रकम फ्रिज नभइ सोही कोषमानै ट्रान्सफर गरी राखिनेछ ।

१२. **जनशक्ति व्यवस्थापन :**

(१) नगरपालिकामा बारुणयन्त्र तर्फ कार्यरत जनशक्तिको क्षमता विकासका लागि नियमित प्रशिक्षण तालिमको व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

(२) नगरपालिकामा बारुणयन्त्र संचालन गर्न सक्ने क्षमता भएका मौजुदा कर्मचारीहरु छन भने सोही कर्मचारीलाईनै लगाउने र पालो पालोमा राख्ने अफिस समय सहित पुरै समय बारुणयन्त्रमा रहने गरी एक वोटा बारुणयन्त्रको लागि २ जना चालक र २ जना सहायक चालकको नगरपालिकाले व्यवस्था गर्नेछ । आगलागीमा खटेवापत पटके सुविधा वापत चालकलाई पटके रु १०००।- र सहचालकको रु ५००।- भत्ता सुविधा नगरपालिकाले उपलब्ध गराउन सक्नेछ ।

(३) बारुणयन्त्र तर्फ नगरपालिकामा मौजुदा कर्मचारी नभएमा कर्मचारी भर्ना गर्दा नगरपालिकालाई दीर्घकालीन दायित्व सृजना नहुने गरी करार सेवामा सेवा करारमा लिनु पर्नेछ । करार सेवा लिए वापत दिने सेवा सुविधाको सम्वन्धमा करार संझौता वमोजिम हुनेछ ।

(४) आगलागी नियन्त्रणका लागि बारुणयन्त्र संचालनमा कार्यरत जनशक्तिको सुरक्षालाई मध्यनजर गरी बारुणयन्त्रमा खट्ने कर्मचारीहरुको दुर्घटना वीमा गर्न सक्नेछ ।

(५) ईमरजेन्सी सेवा भएकोले बारुणयन्त्रमा खट्ने कर्मचारीको वस्ने

व्यवस्था नगरपालिकाले मिलाउनेछ ।

(६) बारुणयन्त्र अत्यावश्यक सेवा भित्र पर्ने भएको र बारुणयन्त्र संचालनको लागी प्राविधिक क्षमताको आवश्यकता पर्ने भएकोले कर्मचारीको व्यवस्थापन गर्दा न्युनतम जनशक्तिको व्यवस्थालाई मध्यनजर गरी अनावश्यक तथा बोझिलो खर्च नपर्ने गरी जनशक्ति व्यवस्थापन नगरकार्यपालिकाले गर्नुपर्नेछ ।

(७) आगलागी नियन्त्रणको कार्य ज्यादै नै संवेदनशील भएकोले बारुणयन्त्र सेवातर्फ कार्यरत जनशक्तिको कर्तव्य पालना र अनुशासनलाई विशेष ध्यान दिईनेछ । अनुशासनको पालना नभएको पाइएमा नगरकार्यपालिकाको कर्मचारीको कार्यविधि,आचारसंहिता पत्र ऐन नियमको अवलम्वन गरी कसुरको मात्रा हेरी दण्ड जरिवाना र सेवावाट बर्खास्त गर्ने सम्मका कारवाहीहरु नगरकार्यपालिकावाट तत्काल गरिनेछ ।

## परिच्छेद ३
## दण्ड, सजाय र जरिवाना

१३. **गलत सूचना दिने व्यक्तिलाई हुने सजाय** : आगलागी भएको भनी गलत सूचना दिने व्यक्ति र बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पुऱ्याउने व्यक्तिलाई ऐन नियम बमोजिम दण्ड जरिवाना हुनेछ।

१४. **दण्ड जरिवाना सरकारी वाकी सरह असुल गरिनेछ ।**

१५. **समिक्षा एवं प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था** : नगरकार्यपालिकाको वार्षिक समिक्षा हुदाको समयमा बारुणयन्त्र संचालन तथा व्यवस्थापन सम्वन्धी क्रियाकलापहरुको गतिविधिको जानकारी गराउनेछ ।

## परिच्छेद ४
## विविध

१६. **थपघट र हेरफेर** : यस निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा बाधा अड्चन फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाको कार्यालयबाट निर्णय हुनेछ ।

१७. **खारेजी र बचाउ** – यस निर्देशिकामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

२०७७ चैत्र ०५ गते

**आज्ञाले**
**ध्रुव खनाल**
**प्रमुख प्रशासकीय अधिकृत**